**निर्णय नं. १**

आगामी आर्थिक बर्ष २०७४।०७५ का लागि प्रस्तावित आय व्यय रु १ अरब १२ करोड ३१ लाख ८ हजार हुने गरी स्वीकृती गर्ने निर्णय गरियो । साथै गत आर्थिक बर्ष २०७२।७३ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७३।०७४ को संसोधित आय व्यय आगामी आर्थिक बर्षको अनुमानित आय व्यय र चालु तथा पूँजीगत खर्चको पुष्ट्याई संलग्न **अनुसूची १** बमोजिम हुने गरी निर्णय गरियो ।

**निर्णय नं. २**

आगामी आर्थिक बर्ष २०७४/७५ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु **अनुसुचि–२** बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै वडा भेलाबाट छनौट भई आएका तर स्रोत अभावको कारण बजेटमा समावेश नभएका दोस्रो प्राथमिकताका कार्यक्रमहरु (P2) लाई नगरपालिकामा प्राप्त हुने थप स्रोतबाट नगरपालिका बोर्डको निर्णय अनुसार कार्यान्वयन गर्न र अन्य निकाय र जि.वि.स. बाट कार्यान्वयन हुने योजनामा समावेश गर्न प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

राजस्व परामर्श समितिको सुझाव समेतका आधारमा आगामी आर्थिक बर्ष २०७४।७५ का लागि नगरपालिकाले लिने कर, दस्तुर, शुल्क आदिको दररेट संलग्न **अनुसुचि ३** बमोजिम हुने गरी पारित गर्ने निर्णय गरियो । साथै एकिकृत सम्पीत्तकर व्यबस्थापन निर्देशिका २०६८ लाई समेत परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

पदपूर्ति समितिबाट मिति २०७३/९/१७ मा पेश भएको आ.ब. ०७३/०७४ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण र संगठन संरचना संलग्न **अनुसुचि ४** बमोजिम हुने गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

चार्टर एकाउन्टेन्ट्स प्रमोद पन्थी एण्ड एशोसिएटस्ले मिति २०७३/८/२९ मा पेश गर्नु भएको आ.व. २०७२/०७३ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरि प्रतिवेदनमा समाविष्ट सुझावहरु कार्यन्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस कार्यालयको आर्थिक बर्ष २०७४/७५ को स्वीकृत दरवन्दी अनुसारको तलवी प्रतिवेदन पाना ७ (सात) **अनुसुचि ५** बमोजिम हुने गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकाद्वारा आयोजना गरिएको आ.ब.०७२/७३ को सामाजिक परिक्षक नरेश के.सी.द्वारा गरिएको सामाजिक परीक्षण कार्यक्रमको मिति २०७३।७।३० मा प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सामाजिक परिक्षणबाट प्राप्त सल्लाह सुझावलाई नगरपालिकाको नीती योजना कार्यक्रममा समावेश गरि कार्यन्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ९**

चालु बर्ष २०७३।०७४ मा लिई आएको घर नक्सा दस्तुरमा २०७३ माघ १ गते देखी तपशिल बमोजिम हुने गरी लागु गर्ने निर्णय गरियो ।

क. प्रति वर्ग फिट रु १०।- लाई बृद्धि गरि प्रति वर्ग फिट रु.१५।-
ख. प्रति वर्ग फिट रु. १२।- लाई बृद्धि गरि प्रति वर्ग फिट रु. १७।-
ग. टिनको सेड टहरालाई प्रति वर्ग फिट रु. ८।-

**निर्णय नं. १०**

आ.ब. ०७४/०७५ को लागि नगर परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

गत आ.ब. २०७२।०७३ र चालु आर्थिक बर्ष २०७३।०७४ को हालसम्मको अवधीमा सम्पन्न भई जाँचपास तथा फरफारक भएका संलग्न **अनुसुचि ६** बमोजिमका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं. १२**

निम्नलिखित योजनाहरुलाई जि.वि.स. रुपन्देहीको आगामी वर्षको बार्षिक कार्यक्रममा समाबेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

क.ब्रह्म कुमारी विश्व विधालयमा राजयोग प्रशिक्षण केन्द्र निर्माण गर्न २,२५,०००००।०० लाग्ने हुँदा जि.वि.स.अनुरोध गर्ने ।
ख. सिद्धार्थ सामुदायिक सेवा केन्द्र सि.न.पा.५,१२ र १३ भवन निर्माणका लागि आवश्यक बजेटको लागि जि.वि.स.मा अनुरोध गर्ने ।
ग. श्री राधाकृष्ण मन्दीर (वडा नं. १३ मालटोलमा रहेको मन्दीर) निर्माण सहयोगका लागी वजेट व्यवस्था गर्न अनुरोध गर्ने ।

**निर्णय नं. १३**

आ.ब. ०७४/०७५ को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

क. सि.न.पा. वार्ड नं ५ स्थित हाटबजारमा रहेको दक्षिण तर्फको जग्गामा आधुनिक बजारस्थल निर्माण ।
ख. सि.न.पा. वडा नं. ११ सिसवा देखि गोनाहा गा.वि.स. जोडने घाघरा खोलामा पक्की पुल निर्माण ।
ग. बेलहिया देखि अन्चलपुरसम्म सिद्धार्थराजमार्गमा सौर्य सडकवत्ति, हरियाली तथा आकासेपुल निर्माण ।
घ. सि.न.पा. वार्ड नं. ८ उचमिपथ देखि चिल्हिया जाने सडक कालोपत्रे ।
ङ. सि.न.पा. वार्ड नं. ९ गोलिगढ देखि सानोदुमदुमुवा हुदै हाँटी फर्साटिकट जाने सडक कालोपत्रे ।
च. अन्नपूर्णटोल दुर्गा मन्दिरको जग्गामा धर्मशाला निर्माण ।
छ. होटल रेडसन् देखि सि.न.पा. ९ गोनहियामा निर्माणाधिन अटोभिलेज जोड्ने पक्की पुल निर्माण ।
ज. सिद्धार्थ रंगशालामा पर्खाल निर्माण ।
झ. सिद्धार्थनगर नगरपालिकाको रिङ्गरोड निर्माण ।
ञ. सिद्धार्थनगर नगरपालिकाको वडा नं. ९ देखी हाटी फर्साटिकर गा.वि.स.को लोहरली गाउँ सम्म सडक पिच गर्ने ।
च. लोहरली गाउँवाट पटखौली गा.वि.स.को गौरी गाउँ जोडनका लागी रोहणी नदीमा पक्की पुल निर्माण गर्ने ।
छ. रुपन्देही जिल्लाको रिङ्गरोड निर्माण गर्ने ।

**निर्णय नं. १४**

सार्वजनिक निजी साझेदारी अवधारणा अन्तरगत परिचालन गर्न उपयुक्त देखिएको नगरपालिकाको स्वामित्व र जिम्मामा रहेको अचल सम्पत्तिलाई नीजि क्षेत्र मार्फत परिचालन गर्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

नगरपालिका क्षेत्र भित्रको मिनही घरवासको जग्गा स्वामित्व हस्तान्तरण सम्बन्धी नगरपालिकामा कारोवार हुँदा लाग्ने दस्तुरमा दिईने छुट सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५(पन्ध्र) प्रतिशत रकम छुट दिने नितीलाई निरन्तरता दिने साथै बांकी बक्यौता व्यवसाय करमा थप २० (बिस) प्रतिशत जरिवाना लिने निर्णय गरियो ।

**निर्णय नं. १७**

आगामी आ.व. २०७४।७५ का लागि नगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्क असूलीका लागि राजश्व परामर्श समितिको मिति २०७३।९।२४ र २५ को सिफारिस अनुसार गर्ने निर्णय गरियो

**निर्णय नं. १८**

आगामी आ.व. २०७४।७५ मा नगरपालिकाको लागि विद्यमान करका दरहरु परिमार्जन गर्न वा करको नयाँ दर कायम गर्न आवश्यक परेको अवस्थामा सोको स्वीकृत गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

विगतका नगरपरिषद बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका देहायका कार्यविधि/निर्देशिकाहरुमा समयानुकुल परिमार्जन गर्न र नयाँ कार्यविधि वा निर्देशिका जारी गर्न आवश्यक भएमा सो समेत गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६४ बमोजिम नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(क) कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी निर्देशिका
(ख) नगरपालिकाको कर्मचारी प्रशासन विनियमावली
(ग) भवन तथा योजना मापदण्ड निर्देशिका/कार्यविधि, २०७२.
(घ) मासु पसल व्यवस्थापन कार्यविधि
(ङ) मर्मत सम्मार निर्देशिका, २०७३
(च) दैवी प्रकोप विशेष कोष संचालन कार्यविधी, २०७३

**निर्णय नं. २०**

नगरपालिका बोर्ड बैठकबाट गत बर्षको पौष १९ देखि चालु आ.व. को पौष महिनाको २६ गते सम्म भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

आगामी आ.व. २०७४।०७५ का लागि नियमानुसार कट्टी हुने कन्टिन्जेन्सी रकमबाट संलग्न **अनुसूची ८** मा समावेश भएका कार्यक्रमहरु सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

नगरपीलिकाबाट सञ्चालन हुने ६० लाख वा सो भन्दा बढीका आयोजनामा विद्युतिय माध्यमद्वारा बोलपत्र दाखिला गर्ने (e-submission) पद्धतिको कार्यान्वयनलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

आर्थिक बर्ष २०७४/७५ को कर, दस्तुर, शुल्कमा परिमार्जन भएको कारण नगरपालिकाको साविकमा स्वीकृत नागरिक वडापत्रमा उल्लिखित सेवा शुल्कलाई समेत परिमार्जन गर्नुपर्ने हुँदा नागरिक वडापत्रलाई सोही अनुसार परिमार्जन गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपालिकाको दैनिक सरसफाई तथा सडकवत्ति मर्मतका लागि आवश्यक पर्ने कुचिकार तथा विद्युत्त मिस्त्री र हेल्परहरु स्वीकृत बजेटको परिधिभित्र रही सेवा करारमा लिई काममा लगाउदै आएकोमा सो कार्यलाई आगामी बर्षमा पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

फोहोरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्ने सन्दर्भमा जैविक र अजैविक फोहोरलाई श्रोतमै बर्गीकरण गर्ने कार्यक्रम आगामी आ.ब. २०७४/७५ देखि सवै वडामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

आगामी आर्थिक बर्षमा जनस्वास्थ्य प्रवर्द्धनका लागि HIV Aids, लागुपदार्थ दुर्व्यसन, प्रजनन स्वास्थ्य तथा मासुपसल अनुगमन जस्ता कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

सिद्धार्थनगर नगरपालिकाको क्षेत्रभित्र हुनसक्ने सम्भावित जोखिमहरु र विपदहरुबाट हुने जनधनको सुरक्षाको लागि विपत जोखिम व्यस्थापन कार्ययोजना DRMP बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

यस नगरपालिकाको आन्तरिक श्रोतको अभिवृद्धिका लागि सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सलटेन्सी प्रा.लि.(SDIC) कालिकास्थान, काठमाण्डाको परामर्शदाता संस्था मार्फत राजश्व सम्भाव्यता अध्ययनका लागी मिति २०७३।२।२६ मा प्राप्त प्रतिवेदन स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

सिद्धार्थनगर नगरपालिकाबाट विगतमा तयार गरिएको नगर पार्श्वचित्र (City Profile) लामो अवधि सम्म परिमार्जन हुन नसकेको कारण सोमा उल्लेखित कतिपय विवरण तथा सूचनाहरु पुरानो भई निरर्थक हुन गएको हुँदा उक्त पार्श्वचित्रलाई परिमार्जन गरी समय सापेक्ष बनाउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली दोस्रो (संशोधित) २०६६ बमोजिम सूचना अनुसूची ९ बमोजिम सुचिकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस नगरपालिकाले तयार गरेको प्रथम आवधिक योजना (आ.ब.२०६७/६८ देखि २०७२/७३) को म्याद चालु आ.ब.को आषाढ मसान्तमा समाप्त भएको हुँदा आ.व. २०७३।०७४ भित्र १५ वर्षे बृहत/ एकिकृत शहरी विकास योजना तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली (दोस्रो संसोधन) २०६५ को नियम ३ बमोजिमको सूचना **अनुसूचि ९** बमोजिम सूचीकृत गरी प्रकाशन गर्ने कार्यलाई आगामी आ.ब. मा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा काम गर्ने उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सन्दर्भमा **अनुसुचि १०** अनुसारको सूचक स्वीकृत गरी सोही अनुसार देहायका कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

(क) लेखा अधिकृत – श्री सन्तोष प्रसाद गुरुङ्ग
(ख) ना.सु. – श्री विष्णु कुमारी गुरुङ्ग
(ग) ना.सु. – श्री योग राज पन्थी
(ग) ना.सु. – श्री लक्ष्मण गिरी
(घ) खरिदार – श्री ओम प्रकाश शर्मा
(ङ) खरिदार – श्री भोला प्रसाद वरई
(च) कार्यालय सहयोगी – श्री राज कुमार नाउ

**निर्णय नं. ३४**

भवन तथा योजना मापदण्ड २०७२ अनुसार नै घरनक्सा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यबिधी स्वीकृत गरि कार्यन्वयनमा ल्याउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

सि.न.पा.को कुल लक्षित वर्गको बजेटबाट १५% रकम बालबालिकाका लागि, १० प्रतिशत रकम महिला लक्षीत कार्यक्रमका लागी र १५ प्रतिशत रकम आदिवासी जनजाती,जेष्ठ नागरिक,मधेशी मुस्लीमका लागी छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. ३८**
न.पा. क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला बारे जनचेतना अभिबृद्धि गरी 3R का कार्यक्रम संचालन गरी जैविक र अजैविक फोहोरलाई अलग अलग संकलन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ३९**
सि.न.पा. क्षेत्र भित्रका मासु एवं अन्य पसलहरु नियमित रुपमा अनुगमन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ४०**
अनलाईन मार्फत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण व्यवस्थापन गर्नको लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली (VERSP-MIS) चालु आ.व. देखी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।
**निर्णय नं. ४१**
सिद्धार्थनगर नगरपालिकाको राजश्व अभिबृद्धि गर्नको लागी करदाता सूचना संकलन गर्ने कार्य नगरवासीको घरजग्गा तथा व्यवसाय सम्बन्धि विवरणलाई कम्प्युटरकृत गरी लैजाने र सेवाग्राहीले कार्यालयमा सेवा लिन आउदा निजले आफनो मात्र नभई आफुले भाडामा लगाएको घर जग्गामा व्यवसाय गर्ने व्यवसायीको समेत जिम्मेवारी लिई अनिवार्य रुपमा व्यवसाय तथा घर जग्गा वहाल कर आफुले तिर्ने तथा तिर्न लगाउने व्यवस्था गर्ने निर्णय गरियो ।
**निर्णय नं. ४२**
नगरपालिकालाई कानून बमोजिम तिर्नु बुझाउनु पर्ने कर चुक्ता गरे पछि मात्र नगरपालिकावाट प्रवाह गर्ने सेवा उपलब्ध गराउने निर्णय गरियो ।
**निर्णय नं. ४३**
एकिकृत योजना तर्जुमा समितीवाट सिफारिश भई आएका रु. ५० पचास लाख वा सो भन्दा बढी लागतका निम्न आयोजनाहरुको सामाजिक, आर्थिक, वातावरणिय एंव प्राविधिक पक्षका साथै लागत अनुमान नक्सा डिजाईन स्पसिफिकेशन तथा दिगोपना सम्बन्धी विषयहरु समावेश भएको नगरपालिकाका प्राबिधिकहरुवाट अध्ययन गरी पेश गरिएको पूर्व सम्भाव्यता अध्ययन स्वीकृत गर्ने निर्णय गरियो ।
क) बेलहिया मनकामना  पथ - सामुदायिक भवन(बेलहिया) निर्माण ।
ख) मनगढको घर देखि उत्तर तर्फ पुरै वडा न.६ जोडिने - सडक पिच निर्माण ।
ग) बन्धु पथ देखि दरखसवा हुदै काँटा गाउ र आखा अस्पतालको पूर्व पट्टीको बाटो पुन दरखसवा र काटा गाउ जोड्ने बाटो - सडक र नाली निर्माण ।
घ) वडा न ४ वडा समिति कार्यालय - वडा समिति भवन निर्माण ।
ङ) वडा न ६ वडा समिति कार्यालय - वडा समिति भवन निर्माण ।
च) दोगहरी शिवमन्दिर जोगेन्द्र चाईको घर देखि शिव मन्दिर हुँदै बसन्त हरिजनको घर सम्मको - सडक नाला तथा कर्ल्भट निर्माण ।
छ) वड्की पिपरिया देखि दक्षिण सिमा सम्म जोड्ने सडक - सडक पिच तथा नाला निर्माण ।
ज) होटल यती देखि पूर्व भित्री बाटो हुँदै मैत्री पथ देखि पूर्व टुकनाथ कर्णको घर तिर जाने बाटो -बाटो पिच तथा नाला निर्माण ।
**निर्णय नं. ४४**
नगरपालिकामा पेश भई आएअनुसारको अधावधिक नगर प्रोफाईल स्वीकृत गर्ने निर्णय गरियो ।
**निर्णय नं. ४५**
**LGCDP** बाट प्राप्त रु.२५ लाखको रकमबाट खर्च गर्ने गरि प्राप्त TOR मा आधारीत रही नगरपालिकाको Comprehensive / Integrated Urban Development Plan (बृहत एकीकृत शहरी विकास योजना)यसै आ.व.०७३/०७४ भित्र तयार गरि आगामी आ.व. ०७४/०७५ श्रावण १ गते देखि लागु हुने गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो । बृहत एकीकृत शहरी विकास योजना तयार नहुन्जेल सम्मको लागि मौजुदा आवधिक योजना अनुसार वार्षिक योजना तर्जुमा गर्ने निर्णय गरियो ।
**निर्णय नं. ४६**
**LGCDP** बाट प्राप्त रु.८लाखको रकमबाट खर्च गर्ने गरि प्राप्त TOR मा आधारीत रही नगरपालिकाको नगरयातायात गुरुयोजना (Municipal Transport Master Plan )यसै आ.व.०७३/०७४ भित्र तयार गरि आगामी आ.व. ०७४/०७५ श्रावण १ गते देखि लागु हुने गरि कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

प्रस्तावित नगर यातायात गुरुयोजना तयार नहुन्जेल सम्मको लागि मौजुदा नगर यातायात गुरुयोजना अनुसार नै योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

घर निर्माण गर्दा तथा निर्माण सामाग्री ओसार पसार गर्दा सार्वजनिक सडक तथा नाला बिग्रने हुनाले सो को मर्मतको लागि घर नक्सा दर्ता गर्दा प्रत्येक घर नक्साबाट रु २५००।०० का दरले मर्मत संभार शुल्क लगाउने र सो रकम मर्मत संभार कोषमा जम्मा गरि सोही प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

पेश हुन आएको योजना अनुगमन प्रतिवेदनले औल्याएका सुझावहरुलाई योजना कार्यान्वयन गर्दा सुधार गर्दै जाने गरि पेश हुन आएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

पेश हुन आएको उपभोग्य बस्तुको बेच बिखन गर्ने पसलहरुको अनुगमन प्रतिवेदनले औल्याएका सुझावहरुलाई आगामी दिनहरुमा सुधार गर्दै पेश हुन आएको मासु पसल अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**

पेश हुन आएको उपभोग्य वस्तुको वेचविखन गर्ने पसलहरुको अनुगमन प्रतिवेदनले औलाएका सुझावहरुलाई आगामी दिनहरुमा सुधार गर्दै पेश हुन आएको उपभोग्य वस्तुको वेचविखन अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१**

पेश हुन आएको जनस्वास्थ्य प्रवर्धन सम्बन्धी कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५२**

खुला दिशा मुक्त अभियानलाई निरन्तरता दिई आ.व. २०७४।०७५ भित्र सवै वडालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

वातावरण विशेष कोष खडा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

भुकम्पिय जोखिम न्यूनिकरण, पूर्व तयारी र भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी प्रशिक्षण तथा जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५५**

नक्सा दर्ता नगरी साविक मापदण्ड बमोजिम घर निर्माण गरि सकेका भवनहरुको हकमा सूचना जारी गरि नक्सा पास दस्तुरमा थप दुई सय प्रतिशत जरिवाना लिई २०७४ असार मसान्त सम्ममा नक्सा नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

पदपुर्ति समितिवाट न.पा.मा गरिएका बढुवा तथा न.पा. द्धारा विभिन्न मितिमा गरिएका समायोजनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई न.पा. वाट सिफारिश दस्तुर तथा नक्सा पास दस्तुरमा दिई आएको छुट सुविधालाई निरन्तरता दिने निर्णय गरियो

**निर्णय नं. ५८**

डि.एम.आई. प्रा.लि. काठमाण्डौले तयार गरेको **नगरपालिकाको संगठनात्मक सुदृढीकरण** अन्तिम प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५९**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. १ स्थित युनिभर्सल कलेज अफ मेडिकल साईन्सेजको उत्तर गेटको पश्चिम तर्फ रहेको लगत नं. १३१ को खाली जग्गा विगाहा ०-१-० एक कट्ठा मिति २०५९।०३।३१ गतेको निर्णय अनुसार सि.न.न.पा. वार्ड नं. ३ बस्ने श्री पूर्ण बहादुर खडकाको नाममा लगत कायम गरी दिएकोमा उक्त निर्णयमा कानुनी विवाद उठेकोले उक्त निर्णय बदर गरी सो जग्गा नगरपालिकाको नाममा लगत कायम गरी भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६०**

बिसौं नगरपरिषद्लाई सफलतापूर्वक सम्पन्न गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, सञ्चारकर्मी मित्रहरु, बुद्धिजिवी, कर्मचारी, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु, सामाजिक परिचालकहरु एवम् सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यबाद् ज्ञापन गर्ने निर्णय गरियो ।

**२० औं नगरपरिषद सफलतापूर्वक सम्पन्न भयो ।**